☎ ०८२-५९०४३७, ०८२-५९०४३८

लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका(देउखुरी), नेपाल

पत्र सङ्ख्या:०८२/८३
चलानी नं.:०११४

मितिः २०८२।०६।२९

**विषय: निर्णय कार्यान्वयन सम्बन्धमा।**

**श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,**
**श्री मन्त्रालय/ आयोग/सचिवालय(सबै),**
**लुम्बिनी प्रदेश।**

प्रस्तुत विषयमा नेपाल सरकार अर्थ मन्त्रालयको च.नं.११६, मिति २०८२।०६।०७ को पत्रबाट अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२।०६।०५ मा निर्णय भई कार्यान्वयनका लागि भएको निर्देशनसमेतलाई आधार लिई लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८२।०६।२५ को निर्णयानुसार यस मन्त्रालयबाट यस अघि पठाइएको मार्गदर्शन तथा नेपाल सरकारबाट प्राप्त निर्देशनका अतिरिक्त आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा तपसिलका निर्णय कार्यान्वयनका लागि पठाइएको व्यहोरा अनुरोध छ।

तपसिल:

१. आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा कुनै आयोजना/कार्यक्रम/ क्रियाकलापको नाम वा उद्देश्य एउटै भई प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली(PLMBIS) मा दोहोरो प्रविष्टी भएकोमा कुनै एउटा मात्र आयोजना, कार्यक्रम वा क्रियाकलाप कार्यान्वयनका लागि छनौट गरी दोहोरिएका अन्य आयोजना/कार्यक्रम/क्रियाकलाप रोक्का राखी कार्तिक १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा बजेट समर्पण गर्ने,

२. बजेट सुनिश्चित नभएका र यसै आर्थिक वर्षमा निर्माण नहुने आयोजनाहरूको डि.पि.आर. तथा EIA/IEE तथा सम्भाव्यता अध्ययनका लागि विनियोजित बजेट कार्यान्वयन नगर्ने; वहुवर्षीय आयोजना तयारीका लागि आवश्यक डि.पि.आर., EIA/IEE तथा सम्भाव्यता अध्ययन लगायतका कार्यहरू आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई कार्यान्वयन गर्ने,

३. पुँजीगत खर्च शीर्षकतर्फ समपुरक अनुदानबाट सञ्चालित आयोजना, बहुवर्षीय आयोजना र सडक तर्फको नियमित मर्मत सम्भार शीर्षक बाहेकका आयोजनाहरूमा विनियोजित बजेटको ८० प्रतिशत रकमलाई अधिकतम बजेट सीमा मानी कार्यान्वयन गर्ने,

४. चालु खर्च शीर्षकतर्फ अनुगमन तथा मूल्याङ्कन खर्च; कार्यक्रम खर्च; मसलन्द तथा कार्यालय सामग्री खर्च; विविध कार्यक्रम खर्च; सीप विकास तथा जनचेतना, तालिम तथा गोष्ठी सम्बन्धी खर्च र सेवा परामर्श खर्च शीर्षकमा विनियोजित बजेटको ८० प्रतिशत रकमलाई अधिकतम बजेट सीमा मानी कार्यान्वयन गर्ने,

५. आन्दोलनको क्रममा क्षतिग्रस्त बाहेकका कार्यालयहरूले फर्निचर तथा फिक्चर्स र मेशिनरी तथा औजार शीर्षकमा विनियोजित बजेटको ८० प्रतिशत रकमलाई अधिकतम बजेट सीमा मानी कार्यान्वयन गर्ने,

लुम्बिनी प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

राप्ती उपत्यका(देउखुरी), नेपाल

☎ ०८२-५९०४३७, ०८२-५९०४३८

६. कार्यालय सञ्चालन तथा चालु प्रकृतिका अन्य खर्चमा मितव्ययिता कायम गर्न कार्यालय प्रमुखले आवश्यक व्यवस्था मिलाउने,

७. उल्लिखित क्रियाकलापमा प्रदेश सरकार अन्तर्गतका निकायहरूले तोकिएको रकम रोक्का राखी बाँकी रकममात्र कार्यान्वयन प्रक्रियामा लैजाने र सोको अनुगमन आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने।

२०८२/०६/२५

(सुमन पौडेल)
वरिष्ठ शाखा अधिकृत

**सादर अवगतार्थ:**
श्रीमान् प्रमुख सचिवज्यू,
लुम्बिनी प्रदेश।